# गुर्भाकोट नगरपालिका मेला महोत्सव व्यवस्थापन कार्यविधि २०७५

**पृष्ठभूमीः-** गुर्भाकोट नगरपालिका भित्र विभिन्न उद्बेश्यकासाथ संचालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, खेलकूद, कृषिआदि प्रर्वद्धनका लागि गरीने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गराउदै मेला महोत्सवले बोकेका उद्बेश्यलाई मूर्तरुप दिने मार्गदर्शक सहयोग तथा स्रोता मैत्री ढंगवाट मेला महोत्सव संचालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ७ को अधिनमा रही मिति २०७५ फागुन १८ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागु गरीएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम "गुर्भाकोट नगरपालिका मेला महोत्सव व्यवस्थापन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि गुर्भाकोट नगरपालिका सुर्खेतको नगरकार्यपालिकाको वैठकवाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** (१) विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा;

क. " उप प्रमुख" भन्नाले गुर्भाकोट नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्दछ ।

ख. "नगरपालिका" भन्नाले गुर्भाकोट नगरपालिका, सुर्खेतलाई जनाउने छ ।

ग. " परम्परागत मेला " भन्नाले नगरपालिका क्षेत्रभित्र परम्परागत तवरले संचालन धार्मिक, सांस्कृतिक मेला सम्झनु पर्दछ ।

घ. "प्रमुख" भन्नाले नगर प्रमुख सम्झनु पर्दछ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

च. "मूल आयोजक" भन्नाले मेला महोत्सव संचालन गर्न नगरपालिकावाट अनुमति प्राप्त संस्था र कार्यालय सम्झनु पर्छ ।

छ. "मेला महोत्सव" भन्नाले गुर्भाकोट नगरपालिका भित्रका कुनैपनि सार्वजनिक स्थलमा एक दिन भन्दा बढी अवधि सम्म गरीने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, खेलकूद कृषि आदि प्रर्वद्धनका लागि गरीने विभिन्न मेला महोत्सव सम्झनु पर्छ ।

ज. " वडा अध्यक्ष" भन्नाले मेला महोत्सव लाग्ने सम्बन्धित वडाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

झ. "विषयगत संस्था वा कार्यालय" भन्नाले विषयगत क्षेत्रमा काम गर्ने उद्बेश्य बोके र प्रचलित कानून बमोजिम स्थनपीत संस्था वा कार्यालय सम्झनु पर्छ ।

ञ. "समिति" भन्नाले दफा ८ बमोजिम गठित मेला महोत्सव व्यवस्थापन समिति सम्झनु पर्छ ।

**३. उद्देश्यः**- (१) यस कार्यविधिका देहाय उद्देश्यहरु रहेका छन् ;

क. नगरपालिका भित्र संचालन हुने मेला महोत्सव संचालन गर्न सम्वन्धित संस्था समुह वा कार्यालय लाई अनुमति प्रदान गर्ने ।

ख. मेला महोत्सवको उद्धेश्य पुरा गराउन आवश्यक सहजीकरण गर्ने ।

ग. मेला महोत्सवलाई व्यवस्थित गर्ने ।

घ. नगरपालिकाको व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यीक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदि प्रर्वद्धनमा सहयोग पुर्याउने ।

ङ. मेला महोत्सवलाई मार्यादित ढंगले संचालन गरी नगरपालिकामा प्राप्त हुने राजश्व व्यवस्थापन गर्ने ।

## परिच्छेद २

## मेला महोत्सव संचालन अनुमति प्रदान

४. **मेला महोत्सव संचालन गर्न नगरपालिकाको अनुमति लिनु पर्नेः**- (१) प्रत्येक आर्थिक वर्षमा नगरपालिका क्षेत्र भित्र मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले नगरपालिकामा तिन महिना भित्र अनुसूचि -१ मा उल्लेख भए अनुसारका विवरण खुलाईएको प्रस्ताव सहित प्रस्तावक संस्थाका देहाय बमोजिम कागजात सहित आवेदन पेश गर्नु पर्नेछ ।

क. संस्था दर्ता प्रमाण र नविकरण पत्र,

ख. संस्थाको विधानको प्रतिलिपि,

ग. लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र,

घ. मेला महोत्सव संचालन हुने स्थानको स्वामित्व प्राप्त संस्था निकायको सहमति,

ङ. वडा कार्यालयको सिफारिस,

च. समितिले आवश्यक ठानेका अन्य कागजातहरु

(२) प्रस्तावक संस्थाहरुवाट पेश भएका प्रस्तावहरुलाई दफा ८ बमोजिमको मेला व्यवस्थापन समिति द्धारा गठीत मूल्याकन समितिले अनुसूची-२ वमोजिमको मापदण्डका आधारमा मूल्यांकन गरी मेला व्यवस्थापन समिति समक्ष पेश गर्ने छ । मूल्यांकन समितिको सिफारिशका आधारमा व्यवस्थापन समितिले प्रतिश्पर्धाका आधारमा निर्णय बमोजिमका शर्त राखी मेला महोत्सव संचालन अनुमति अनुसूचि -३ को ढाँचामा नगरपालिकाले प्रदान गर्नेछ ।

(३) प्रत्येक आर्थिक वर्षमा एकै प्रकृतिका मेला महोत्सव अनुमति दिन समितिको निर्णयानुसार हुनेछ । तर नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाका वार्षिक कार्यक्रम अनुसार गरीने सरकारी निकाय मूल आयोजक हुने मेला महोत्सवको हकमा यो दफा लागु हुने छैन ।

(४) कुनै आर्थिक वर्षमा कुनै मेला महोत्सव लगाउनु पर्ने भएमा मेला महोत्सव संचालनका प्रस्तावित दिन भन्दा कम्तीमा ३ महिना अगाबै नगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) मेला महोत्सव संचालन गर्ने स्थान मूल आयोजकले प्रस्ताव गर्न सक्नेछ पेश भएको स्थानमा नगरपालिकाले संभाव्यता अध्ययन गरी समितिले तोके वमोजिम हुनेछ ।

(६) एक दिने मेला महोत्सवको हकमा शर्त राखी समितिको सिफारिसमा नगरपालिकाले अनुमती दिनेछ।

**५. मेला महोत्सवको धरौटी राख्नु पर्नेः-**(१) कुनै मेला महोत्सवको उद्देश्य कोष वृद्धि वा आय आर्जन समेत भएमा प्रस्तावमा उल्लेखित अपेक्षित रकमको कम्तीमा पाँच प्रतिशतका दरले आयोजकले नगरपालिकामा अनुमति लिनु पूर्व धरौटी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अपेक्षित रकम एकिन नभएमा न्यूनतम पचास हजारमा नघट्ने गरी मेला महोत्सव व्यवस्थापन समितिले तोके वमोजिमको धरौटी राख्नुपर्ने छ । सो धरौटी रकम मेला महोत्सवको समाप्ती संगै उद्देश्य अनुसारको कार्य गर्न थालनी भए पछि नगरपालिकामा तिर्नुपर्ने राजश्व संग मिलान गरिने वा धरौटी फिर्ता दिनेछ ।

(३) महोत्सव संचालन अनुमति प्रदान गर्दा नगरपालिकाले तोकेका मेला महोत्सब स्थापनाका शर्तहरु पालना नगरेमा धरौटी रकम जफत गर्न सक्नेछ ।

**६. व्यवसायकर तथा मनोरञ्जन करः-**(१) मेला महोत्सवमा रहने व्यवसायीक स्टलहरुले व्यवसायको किसिम वमोजिम अनुसूचि-४मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसाय कर स्टल बुकिङ्ग संगै मूल आयोजक मार्फत नगरपालिकालाई वुझाउनु पर्नेछ ।

(२) मनोरञ्जंन करका हकमा प्रत्येक टिकट र बुकिङ रसिद दर संघीय र प्रदेश कानूनले अन्यथा व्यवस्था गरेको बाहेकमा पाँच प्रतिशत मनोरञ्जंनकर मेला महोत्सव सम्पन्न भएको एक हप्ता भित्र नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

(३) गैर व्यवसायीक सन्देशमूलक स्टलहरुका हकमा नगरपालिकाले छुट दिन सक्नेछ ।

**७. परम्परागत मेला सम्बन्धी व्यवस्था :-** (१) यस नगरपालिका क्षेत्र भित्र परम्परागत रुपमा लाग्दै आएका धार्मिक, सांस्कृतिक मेलाहरुलाई अथावत लाग्न दिनु पर्ने छ । सो मेलालाई महोत्सवका रुपमा संचालन गर्न र प्रवेश शुल्क लिन पाइने छैन र कुनै कार्यक्रम संचालन गर्नु परेमा नगरपालिको स्वीकृत लिई स्वीकृत पत्रमा समावेश शर्तको अधिनमा रही छुट्टै कार्यक्रम संचालन गर्न सकिनेछ ।सो मेलाको अवधि अधिकतम तिन दिन हुनेछ ।आवश्यकता अनुसार समितिले बढीमा २ दिन थप गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मेलालाई व्यवस्थापन गर्न नगरपालिका स्वयम् आयोजक रहनेछ । मेलामा कर उठाउन देहाय बमोजिमको कर निर्धारण समिति रहनेछ ।

क. नगर उप प्रमुख – संयोजक

ख. सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य

ग. मनोनित कार्यपालिका महिला सदस्य – सदस्य

घ. उद्योग बाणिज्य संघको प्रतिनिधी - सदस्य

ङ. राजश्व शाखाको प्रमुख – सदस्य सचिव

(३) उपदफा २ बमोजिम आवश्यक परेमा अन्य कर्मचारी तथा प्रतिनिधी नगरपालिकाले व्यवस्था गर्न सक्नेछ । साथै मेला व्यवस्थापन गर्न सम्बन्धित वडा समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ३

## मेला महोत्सव व्यवस्थापन समिति

**८. मेला महोत्सव व्यवस्थापन समतिको गठनः-**(१) नगरपालिका क्षेत्रमा संचालन हुने मेला महोत्सव व्यवस्थापन समिति देहाय बमोजिम रहनेछ ।

क. अध्यक्ष - नगर प्रमुख

ख. उपाध्यक्ष - नगर उप प्रमुख

ग. सदस्य - प्रमुख प्रशासकीय अधिकृत

घ. सदस्य – पूर्वाधार विकास समिति संयोजक

ङ. सदस्य – आर्थिक विकास समिति संयोजक

च. सदस्य - मेला महोत्सव संचालन हुने वडाको वडा अध्यक्ष

छ. सदस्य - प्रतिनिधि इलाका/ जिल्ला प्रशासन कार्यालय सुर्खेत

ज. सदस्य : प्रतिनिधि इलाका/जिल्ला प्रहरी कार्यालय, सुर्खेत

झ. सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

(२) मेला महोत्सवको प्रकृति अनुसार सो सम्वन्धी व्यवसायीक छाता संगठनका प्रतिनिधि, विज्ञ वा जानकार विषयगत निकायका प्रमुखलाई आवश्यकताका आधारमा समितिको वैठकमा अध्यक्षले आमन्त्रण गर्न सक्नेछ ।

**९. समितिको काम कर्तव्य र अधिकारः-**(१) दफा ८ बमोजिम समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. मेला महोत्सव संचालन गर्न अनुमति प्रदान गर्ने ।मापदण्ड, शर्त निर्धारण गर्ने,

ख. सम्झौताका शर्त वमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने र शर्त वमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए वमोजिमको दण्ड सजाय गराउने ।

ग. मेला महोत्सवको उद्वेश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मूल आयोजक अनुसारका कार्य गर्न लगाउने।

घ. आवश्यकता अनुसार मेला महोत्सवका लागि पेश भएको प्रस्ताव मूल्यांकन टोली, मेला महोत्सव अनुगमन टोली वा कर्मचारी तोकी व्यवस्थापन एवं अनुगमनको कार्य गराउने ।

ङ. मेला महोत्सव संचालनका क्रममा देखा पर्ने सूरक्षा सम्वेदन शीलताका वारेमा जिल्ला सुरक्षा समिति संग परामर्श लिने ।

च. कुनै विशेष कारण समितिले देखेमा जिल्ला सुरक्षा समिति सँग आवश्यक समन्वय गरी मेला महोत्सव स्थगन बन्द वा म्याद थपघट गर्ने ।

## परिच्छेद ४

## मूल आयोजकले पालना गर्नु गराउनुपर्ने शर्तहरु

**१०. दर्शक तथा सम्पत्ति विमा दर्शक सूरक्षा व्यवस्थापन**:- (१)मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पुर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पूर्ण सहभागी सबैको दुर्घटना र मेला महोत्सव स्थल भित्रका सम्पत्तिको मेला महोत्सव अवधि भित्रको अनिवार्य विमा गर्नुपर्नेछ ।

(२) मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्था मूल आयोजकले गर्नु पर्नेछ ।साथै मेला महोत्सवमा सवारी साधन पार्किङको व्यवस्था पनि आयोजकले गर्नुपर्नेछ ।

**१०. खानेपानी तथा फोहर मैला व्यवस्थापन:-** (१) मूल आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुट्टा छुट्टै आवश्यकता अनुसारका शौचालय अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

(२) मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाईको प्रवन्ध गर्नु पर्ने छ, धुलो रहित वनाउन समय समयमा पानी अनिवार्य छर्कनुपर्नेछ ।

(३) मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नु पर्नेछ जथाभावि बगाउन पाइने छैन।

(४) मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा खानेपानीको प्रवन्ध गर्नुपर्नेछ ।

(५) मेला महोत्सव समाप्ती पश्चात सामाग्री उठाउन पूर्व स्थलको पूर्णरुपमा सरसफाई गर्नु पर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहर व्यवस्थापनका लागि खनिएका खाल्डाहरु पुरि सम्याउनुपर्नेछ ।

मेला महोत्सवको सम्पूर्ण सामाग्री र मेला महोत्सव समाप्ती पश्चात सात दिन भित्र उठाइ सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि पन्ध्र दिन अगाडी सामाग्री खसाल्न एवं स्टल तयारको कार्य गर्न पाइनेछ ।

**११. ध्वनि व्यवस्थापनः-** मेला महोत्सव स्थल भन्दा वाहिर ध्वनि जाने गरी माइक (हर्न) लगाउन पाइने छैन । मेला महोत्सव भित्र मात्र सुन्न सकिने गरी स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

**१२. अनुमति बेगरका काम गर्न नहुनेः-** मेला महोत्सव व्यवस्थापन समितिद्वारा स्वीकृत प्रस्ताव वमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जन स्टल वाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवस प्रस्तावमा उल्लेख भएको वाहेक फरक काम गर्नु पर्ने अवस्थामा समितिको पूर्व स्वीकृती लिनु पर्नेछ ।

**१३. स्टल बुकिङ्गमा स्थानीय आरक्षण व्यवस्थापनः** (१)मेला महोत्सवमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन देहाय बमोजिमको  गर्नुपर्नेछ ।

क. सूचना एवं सन्देशमूलक प्रर्दशनिका लागि न्यूनतम् दश प्रतिशत
ख. कृषि, फलफुल तथा स्थानीय उत्पादन प्रर्शनीका लागि न्यूनतम दश प्रतिशत
ग. नगरपालिका भित्रका व्यवसायीका लागि स्टलमा न्यूनतम् बीस प्रतिशत
घ. नयाँ प्रविधि प्रर्दशन एवं विक्रि स्टल न्यूनत्म दश प्रतिशत
ङ. सवै व्यवसायीका लागि खुल्ला स्टल पचास प्रतिशत
च. स्टलहरु मध्ये दफा १३  १ (क) उल्लेखित स्टलमा न्यूनतम् बीस प्रतिशत, (ख) मा उल्लेखित स्टलका लागि बीस प्रतिशत र (ग) मा उल्लेखित स्टलका लागि न्यूनतम् दश प्रतिशत तोकिएको भाडामा छुट दिनेगरी बुकिङ्ग गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।
छ. दफा १३ उपदफा (१) वमोजिम वितरण गरीएका कोटा वमोजिम स्टल वितरणका लागि कम्तीमा एक हप्ताको स्टल बुकिङ्ग खुल्ला गरे पश्चात वाँकी रहेका स्टलमा जुनसुकै व्यवसायीहरु आई व्यवसाय गर्न पाउने गरी मूल आयोजकले सूचना आव्हान गर्नुपर्नेछ ।

**१४. प्राथमिक उपचारको व्यवस्थाः** (१) मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

**१५.** मेला महोत्सव स्थलमा जुवा,तास लगाएत कानूनले बर्जित गरेका निषेधित कार्य गर्न गराउन पाइने छैन ।

**१६. मदिरा तथा धुम्रपान निषेधः** (१) मेला महोत्सव स्थल भित्र मदिरा तथा धुम्रपान सेवन र विक्रि वितरण गर्न गराउन पाइने छैन । यसो गरेको पाइएमा समितिले कारवाही गर्न सक्नेछ ।

१७. राष्ट्रियता तथा स्थानीय सामाजिक सांस्कृतिक मर्यादामा आंच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन ।

<u>**१८. स्थानीयतालाई प्राथमिकताः**</u> (१) मेला महोत्सवमा गरीने हरेक गतिविधिमा स्थानीयता लाई प्राथमिकता दिनु पर्नेछ । कला संस्कृति प्रर्दशन गर्दा स्थानिय कला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्ने छ ।

<u>**१९. सभ्य क्रियाकलाप गर्नुपर्नेः**</u> (१) मेला महोत्सवलाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानीयता प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रुपमा अगाडी वढाउन विभिन्न स्थानीय परिवेश सुहाउंदो अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नुपर्नेछ ।

(२) मेला महोत्सवमा आमन्त्रण गरिने कलाकार, अतिथि र तिनका संक्षिप्त प्रस्तुतीको व्यहोरा नगरपालिकामा पेश गरी स्वीकृत भएपछि मात्र प्रर्दशन गर्नुपर्ने छ ।

<u>**२०. आम्दानी खर्च सार्वजनिक गर्नु पर्नेः**</u> (१) मेला महोत्सव सम्पन्न भएको एक महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन नगरपालिकामा वुझाउनुका साथै पत्रकार सम्मेलन गरी आम्दानी खर्च सार्वजनिक समेत गर्नु पर्नेछ ।

(२) मेला महोत्सवबाट उठेको खुद नाफा रकमको पचास प्रतिशत सामाजिक कार्यमा लगाउने पर्नेछ।

<u>**२१. अनुगमन गर्ने व्यवस्था :-**</u> (१) मेला महोत्सव व्यवस्थापन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमनका लागि नगरपालिकावाट खटिएको टोली वा कर्मचारीलाई मेला महोत्सव स्थल भित्रका हरेक गतिविधि अनुगमन गर्न मूल आयोजकले व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अनुगमनका क्रममा सम्झौता वमोजिम आयोजकले पालना गर्नु पर्ने काम नगरेका वा कुनै कमि कमजोरी देखिएमा सो को सुधारका लागि अनुगमन टोलीले दिएको सुझाव पालना गर्नुपर्नेछ । पालना नगरेमा समितिले तोके वमोजिमको दण्ड जरिवाना हुनेछ ।

## <u>परिच्छेद ५</u>

## <u>विविध</u>

<u>**२२. मूल आयोजक वन्न सक्ने आवेदकहरुः**</u> (१) देहायका संघ संस्थाले मूल आयोजक बन्न आवेदन दिन सक्नेछन् ।

क) कृषि, पर्यटन र व्यापार मेलाका लागि विषयगत व्यवसायीहरुको छाता संगठनहरु ।

ख) धार्मिक, सांस्कृतिक महोत्सवका लागि धार्मिक तथा सामाजिक संघ संस्थाहरु ।

ग) शैक्षिक, कला, साहित्य तथा सांस्कृतिक, खेलकूद तथा अन्य विषयगत मेला महोत्सवका लागि ः विषयगत संघ संस्था तथा उत्पादकहरु ।

(२) प्रस्तावक संस्थाहरुको विधानमा सम्वन्धित विषयमा प्रर्वद्धन गर्ने उद्वेश्य प्रस्टरुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(३) यस दफामा जुन सुकै उल्लेख भएता पनि भिन्ना भिन्नै विषयगत संस्थाहरुले संयूक्त रुपमा आयोजक पनि आ—आफ्ना उद्वेश्य अनुसारका मेला महोत्सव संचालन गर्न पाउनेछन् ।

(४) संस्थाको विधानमा मेल नखाने किसिमका मेला महोत्सव सञ्चालन गर्न अनुमति दिईने छैन ।

(५) नगरपालिका संग गरीएको शर्त पुरा नगर्नेलाई आयोजकलाई पाँच वर्ष सम्म मेला महोत्सव संचालन गर्न नगरपालिकाले रोक लगाउने छ साथै मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर नगर कार्यपालिकाले तोके वमोजिमको जरिवाना गर्न सकिनेछ ।

**२५. टिकटदर निर्धारणः-** (१) मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरीक, अपांङ्ग र विद्यार्थीका लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ आयोजकवाट पेश भएको प्रवेश शुल्कदरलाई मेलामा हुने गतिविधिका आधारमा व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

(२) मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जंन तथा खेलकूद कार्यक्रमका स्टलमा लाग्ने प्रवेश शुल्कको अधिकतम दर क्रियाकलाप र समय हेरी अधिकतम सय रुपैयाँ सम्म हुनेछ ।

(३) सामान्यतया मनोरञ्जंन प्रवेश शुल्क दर पचास रुपैयाँ हुनेछ ।

(४) प्रवेश शुल्क दर र मनोरञ्जंन स्टल प्रवेश दर मेला महोत्सव व्यवस्थापन समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ।

**२६. टिकट अग्रिम रुपमा नगरपालिकामा दर्ता गर्नु पर्ने :-** (१) दफा २५ बमोजिम निर्धारण गरेको प्रवेश टिकट र स्टलको बुकिङ रसिद मेला संचालन हुनु भन्दा अगाडी नगरपालिकामा सो टिकटको दर्ता गरेर मात्र टिकट वितरण गर्न शुरु गराउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको प्रवेश टिकट र बुकिङ रसिदको ठेली मेला तथा महोत्सव सकिएको एक महिना भित्र अर्धकट्टी नगरपालिकामा रुजु गर्नु पर्नेछ ।

**२७. मेला महोत्सवको अवधिः** (१) धार्मिक र खेलकूद मेला महोत्सव वाहेक अन्य प्रकृतिका व्यवसायीक स्टलहरु राखि गरीने मेला महोत्सवको अनुमति अधिकतम सात दिन सम्मको हुनेछ तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नु पर्ने उपयूक्त कारण सहित निवेदन दिएमा

व्यवस्थापन समितिले म्याद थपको कारण मनासिव देखेमा तीन दिन सम्म म्याद थपको अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) परमपरागत लाग्ने मेलाको हकमा बाहेक धार्मिक तथा सांस्कृतिक मेला महोत्सवका हकमा विहान पाँच बजे देखि साझ साढे नौ वजे सम्म र अन्य व्यवसायीक स्टल तथा मनोरंजनात्मक एवं सांगीतिक कार्यक्रम हुने मेलाको हकमा हिउदको समयमा विहान दश वजे देखि सांझ पाँच वजे सम्म र अन्य समयमा विहान दश बजे देखि सांझ साढे सात वजे सम्म मेला महोत्सव संचालन गर्न पाइनेछ ।

(३) धार्मिक तथा सांस्कृतिक, खेलकूद र व्यवसायीक स्टल नराखी गरीने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

**<u>२७. दण्ड जरीवाना:-</u>** (१)मुल आयोजक समितिले व्यवस्थापन समितिबाट प्राप्त स्वीकृती बेगर अन्य काम कारवाही गरेमा नगरपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्नेछ ।

क) कानुन विपरितका कार्य गरेमा वा गराएमा पहिलो पटक एक हजार र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरीनेछ ।

ख) ध्वनी प्रदुषण वा वातावरण प्रदुषण गरेमा पाँच हजार र वातावरण प्रदुषण हटाउन लाग्ने रकम असुल गरीनेछ ।

ग) अनुगमन टोलीको सूझाव पालना नगरेमा पाँच हजार जरिवाना र तीन पटक भन्दा वढी पटक गल्ती दोहोराएमा मेला संचालनमा रोक लगाइनेछ र उक्त संस्थालाई पाँच वर्ष सम्म मेला महोत्सव लगाउन प्रतिवन्ध लगाइने छ ।

घ) तोकिएको समय सीमा भन्दा बढि समय मेला महोत्सव सञ्चालन गर्नु परेमा दफा ८ बमोजिमको समितबाट स्वीकृत संचालन गर्नु पर्नेछ ।मेला समयमा कुनै प्राकृतिक विपत तथा बाधा अड्कन आइपरेमा सोही आयोजक जिम्मेवार रहनेछ ।

**<u>२८. प्रचलित कानून वमोजिम हुनेः-</u>** (१) यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि वमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**२९.वाधा अड्काउ फुकाउः** (१) यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा नगरकार्यपालिका वैठकको निर्णय वमोजिम हुनेछ ।

**<u>३०. शंसोधन तथा खारेजीः</u>**-(१) यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

अनुसूचि १

**आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम् विषयहरु**

१. आवेदक संस्थाको परिचय

नाम, दर्ता, नविकरण, उद्वेश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनिय काम ।

२. मेला महोत्सवका विषयमा

मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्वेश्य, पूरा गर्ने रणनीति, मेला महोत्सवमा गरीने गतिविधिहरुको विवरण ।

३. मेला महोत्सवको आर्थिक पक्ष

मेला महोत्सव संचालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र वचत रकमको उपयोग क्षेत्र , टिकट दर , टिकटमा विशेष छुट नीति

४. मेला महोत्सवको व्यवस्थापन पक्ष

- क. व्यवसायीक स्टल रहने नरहने, सन्देश मुलक एवं क्षेत्रगत प्रर्वद्धनमूलक स्टल के के रहने ? व्यवसायीक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ।
- ख. दर्शक मैत्रि नीति (सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुट आदि) के के छन् ।
- ग. स्टलहरु रहने भएमा वितरण नीति ।

५. मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ।

६. मेला महोत्सव संचालन पछि देखिने उपलब्धी ।

७. मेला महोत्सवमा प्रस्तुतिकरणको तालिका, कलाकारको कार्यक्रमको प्रस्ताव ।

अनुसूचि २

(दफा ४ (२) सँग सम्बन्धीत)

## मूल आयोजक छनौटका लागि मूल्यांकन आधारहरु

१. संस्थाको प्राथमीकीकरण (दर्ता मितिका आधारमा)

२. संस्थाको वैधानिकता (नियमित नविकरण, साधारण सभा आदि भएको)

३. मेला महोत्सवले वीरेन्द्रनगरको व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक आदि प्रर्वद्धनमा हुने योगदान । (गुर्भाकोटलाई प्रत्यक्ष फाइदा पुग्नेलाई प्राथमिकता दिइने)

४. मेला महोत्सवका लागि प्रस्तावित दिन (जति सक्यो कमलाई प्राथमिकता दिइने )

५. मेला महोत्सववाट आय आर्जन हुने भएमा सो को लगानीको क्षेत्र । (सार्वजनिक लाभलाई प्राथमिकता दिइने)

६. हाल सम्म मेला महोत्सव संचालन गर्ने अवसर पाए नपाएको । (नपाएकालाई प्राथमिकता दिइने)

७. विगतमा मेला महोत्सव संचालनवाट संकलित रकमको सदुपयोग अवस्था । (सदुपयोग गरेकोलाई प्राथमिकता दिइने) ।

अनुसूचि ३

(दफा ४ (२) सँग सम्बन्धीत)

**<u>मेला महोत्सव संचालन अनुमतिको ढाँचा</u>**

श्री गुर्भाकोट नगरकार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत

विषयः मेला महोत्सव संचालन अनुमति पत्र ।

श्री........................................

..................................... ।

त्यस संस्थाले यस नगरपालिका क्षेत्र भित्र ............................ मेला महोत्सव संचालनका लागि यस नगरपालिकावाट अनुमति माग गरेको सन्दभमा यस नगरपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि २०७५ को दफा ४ वमोजिम यस संस्थालाई सोहि कार्य विधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरु अनिवार्य पालना गर्ने गराउने गरी निम्नानुसारको मिति, समय र स्थानमा मेला महोत्सव संचालन गर्न मिति २०७....।.....। गते वसेको मेला महोत्सव व्यवस्थापन समितिको वैठकको निर्णयानुसार यो अनुमति पत्र प्रदान गरीएको छ ।

देहाय

मेला महोत्सवको नाम ..............................

मेला संचालन हुने मिति ............... देखि ................ सम्म ।

समय ः प्रत्येक दिन विहान..... वजे देखि............ वजे सम्म ।

स्थान ः......................................

अनिवार्य पालना गर्नु पर्ने शर्तहरु

क. कार्यविधिको दफा ८ देखि २० उल्लेखित वुँदाहरु
ख. कार्यविधिको दफा २४

.....................................

वोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय, सुर्खेत

श्री जिल्ला प्रहरी कार्यालय, सुर्खेत ।

अनुसूचि ४

**मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायीहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)**

क) व्यवसायीक  फर्महरुको स्टलमा प्रति स्टल सम्वन्धित क्षेत्रकालागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को २५ प्रतिशत वा सो आर्थिक वर्षको आर्थिक ऐनमा उल्लेख भए बमोजिम ।